# अजयमेरु गाँउपालिकाको आर्थिक बर्ष २०८१/०८२ सालको बार्षिक सार्वजनिक सुनवाई कार्यक्रम

## कार्यक्रम सम्पन्न प्रतिवेदन




**प्रतिवेदन पेश गरिएको निकायः**

अजयमेरु गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

डडेल्धुरा

**प्रतिवेदन पेश गर्ने :**

रामबहादुर धामी

प्रधान सम्पादक

देवभूमी राष्ट्रिय दैनिक डडेल्धुरा

**पेश गरिएको मिति :**

२०८२ साल साउन २० गते

## (१) पृष्ठभूमि :

स्थानीय शासनलाई वढी भन्दा बढी स्वायत्त, जनमुखी, जवाफदेही, पारदर्शी, जनसहभागिता तथा समावेशीमूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानूनी शासनको प्रत्यभूति एवं भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता सुशासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सिर्जना गर्नका लागि नेपाल सरकारवाट नीतिगत एवं कानूनी व्यवस्था हुँदै आएको छ । यसैक्रममा प्रशासन संयन्त्रलाई सहजकर्ताको रुपमा रुपान्तरण गर्दै सुशासनको प्रत्याभूति दिन नेपाल सरकारवाट सुशासन व्यवस्थापन र सञ्चालन ऐन, २०६४ एवं सो ऐन कार्यान्वयन गर्न बनेको कार्यविधि २०६५ प्रभावकारी रुपमा कार्यान्वयन भईरहेको छ । सम्वन्धित लाभान्वित वर्ग र सरोकारवाला एवं नागरिकको घरदैलोको सरकार मानिने स्थानीय तहहरुबीच दोहोरो सम्वाद गरेर स्थानीय तहरुवाट भए गरेका काम, कारवाही एवं विकास कार्यहरुलाई पारदर्शिता, जवाफदेहीता एवं उत्तरदायी वनाउने क्रममा नेपाल सरकारवाट सुशासन व्यवस्थापन र सञ्चालन ऐन, २०६४ को दफा ३० बमोजिम सार्वजनिक सुनुवाई गराउनु पर्ने कानूनी व्यवस्था गरेको छ । सुशासन व्यवस्थापन र सञ्चालन नियमावली २०६५ को दफा १९ (२) मा सार्वजनिक निकायहरुले प्रत्येक चार महिनामा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरेको छ ।

सार्वजनिक सुनुवाईलाई व्यवस्थित रुपमा सञ्चालनका लागि नेपाल सरकारवाट सार्वजनिक सुनुवाई कार्यविधि २०६७ समेत लागु गरेको छ । खासगरी स्थानीय शासनलाई पारदर्शी, जवाफदेही एवं उत्तरदायी बनाउने क्रममा सार्वजनिक सुनुवाई कार्यक्रमलाई एक सामाजिक औजारको रुपमा ग्रहण गर्ने गरिन्छ । अजयमेरु गाउँपालिकाको सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धि नीति अनुरुप सेवाग्राही एवं लाभान्वित वर्ग प्रति स्थानीय सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन हरेक चौमासिक, अर्धबार्षिक र बार्षिक रुपमा सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न भइरहेका छन । डडेल्धुरा जिल्लामा हरेक क्षेत्रबाट नमुना बन्ने अभ्यासमा रहेको अजयमेरु गाउँपालिकाले नागरिकहरुका विचमा दोहोरो सम्वाद स्थापित गर्न र पारदर्शिता र शुशासन प्रवर्द्धन गर्न यहि मिति २०८२ साउन १६ गतेका दिन गाउँपालिकाको गाउँसभा भवनमा गत आर्थिक बर्ष २०८१/०८२ को वार्षिक अवधीमा सम्पन्न कृयाकलाप तथा गाउँपालिका र मातहतका प्रशासनिक इकाईहरुबाट प्रवाह गरिएको सेवा सन्दर्भमा सार्वजनिक सुनवाई कार्यक्रम संम्पन्न गरेको छ । सार्वजनिक सुनवाई कार्यक्रममा तेस्रो पक्षीय सहजीकरणको अवधारणा अनुरुप सहजीकरण गर्ने जिम्मेवारी प्रदान भएअनुरुप सम्पन्न सार्वजनिक सुनवाई कार्यक्रमको अभिलेखिकरणका लागि यो प्रतिवेदन तयारगरि अजयमेरु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय भद्रपुर, डडेल्धुरा समक्ष पेश गरिएको छ ।

## (२) कार्यक्रमका उद्देश्यहरु

अजयमेरु गाउँपालिकाको गत आर्थिक बर्ष २०८१/०८२ सालको वार्षिक अवधीमा सम्पन्न कृयाकलाप र प्रवाह गरेका सेवाहरुको बारेमा सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गर्नुको मुल उद्देश्य सो अवधीमा अजयमेरु गाउँपालिकाबाट सम्पादन भए गरेका काम, कारवाही, सेवा प्रवाह एवं विकास निर्माण आयोजना तथा कार्यक्रमहरुका बारेमा सेवाग्राही एवं लाभान्वित वर्गलाई जानकारी गराउने, लाभग्राही बर्ग र सरोकारवालाहरुबाट प्राप्त जिज्ञाशा तथा गुनासाहरुको सुनवाई गर्ने र कार्यक्रमका सहभागीहरुबाट प्राप्त सुझावहरु ग्रहण गरेर सोही अनुसार अगामी दिनमा कार्य सम्पादनमा समय सापेक्षा सुधार ल्याउने रहेको छ । यसका साथै सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नुका विशेष उद्देश्यहरु यसप्रकार छन :

क) स्थानीय तहबाट उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका संम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त सुझावलाई ग्रहण गर्ने ।

ख) दोहोरो संम्वादवाट जिम्मेवार अधिकारी र नागरिकबीचको दुरी कमगरि गाउँपालिकाले प्रवाह गर्ने वस्तु, सेवा र सुविधा प्रदायक अधिकारी सहजकर्तामा रुपान्तरित भई सुशासनको प्रत्याभुती दिने ।

ग) शुशासन र पारदर्शिता अभिवृर्द्धीगर्दै अजयमेरु गाउँपालिकाका जनप्रतिनिधी र कार्यरत कर्मचारीहरुलाई आम नागरिक प्रति उत्तरदायी र गाउँपालिकाका हरेक योजना तथा कार्यक्रमहरु प्रति बढि जिम्मेवार र जवाफदेही बनाउन योगदान पुऱ्याउने ।

घ) गाउँपालिकाले तर्जुमा गर्ने बार्षिक योजना चक्रलाई बढि प्रभावकारी र उपलब्धीमुलक बनाउन आम नागरिकहरुबाट पृष्ठपोषण प्राप्त गर्ने ।

ङ) गाउँपालिकामा कार्यरत सबै सरोकारवालाहरुबीच सम्वाद तथा अन्तरक्रिया गरेर योजना तथा कार्यक्रमहरुमा एकरुपता, समन्वय र सहकार्य अभिवृर्द्धी गर्ने ।

च) भ्रामक सूचना र अनावश्यक हल्लाका कारण सर्वसधारणमा उत्पन्न भ्रमको अन्त्य गरेर वास्तविकता सार्वजनिक गर्ने ।

## (३) कार्यक्रमका आशातित नतिजाहरु

सार्वजनिक सुनवाई कार्यक्रमबाट देहायका उपलब्धीहरु हासिल हुने अपेक्षा राखिएको थियो ।

(क) अजयमेरु गाउँपालिका र गाउँपालिकाबासी नागरिकहरुबीचको सम्बन्ध अझ सुदृढ, प्रभावकारी र फलदायी हुनेछ ।

(ख) गाउँपालिकाबाट सेवा प्रवाहका साथै कार्यक्रम तथा आयोजना र योजनाहरु कार्यान्वयन गर्दा देखिएका सवल पक्षहरुको अनुसरण र सुधार गर्नुपर्ने पक्षहरुको पहिचान हुनुकासाथै अगामी दिनमा सुधारका लागि मार्गप्रशस्त हुनेछ ।

(ग) गाउँपालिकाको पारदर्शिता बढनुका साथै शुशासन प्रवर्द्धनमा टेवा पुग्नेछ ।

(घ) प्राप्त पृष्ठपोषण र सुझावका आधारमा आगामी दिनमा कार्य सम्पादनमा सहजता आउने छ ।

ङ) तेस्रो पक्षबाट सार्वजनिक सुनवाई कार्यक्रम संयोजन गरिएकाले कार्यक्रम निष्पक्ष रुपमा उपलब्धीमुलक र प्रभावकारी किसिमले सम्पन्न भएको हुनेछ ।

च) भ्रामक र गलत सूचनाबाट आम नागरिकमा परेको असर तथा प्रभाव न्यूनीकरण भई गाउँपालिका प्रतिको आम दृष्टिकोणमा परिवर्तन आएको हुनेछ ।

छ) अस्पष्ट जानकारी र अफवाहका कारण सरोकारवाला बर्गमा परेको गलत प्रभाव कम हुनुका साथै समन्वय सहकार्यको वातावरण तयार भएको हुनेछ ।

## (४) कार्यक्रम सञ्चालन भएको मिति, समय र स्थान

सार्वजनिक सुनुवाईको आयोजना मिति २०८२ साल साउन १६ गते दिउसो ठिक ११:०० बजे तय गरिएको थियो । सोही दिन अन्य कार्यक्रम पनि रहेको र सहभागीहरु पुग्न केहि ढिलाई भएका कारण सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना दिनको ठिक ०१:०० बजेबाट सुरु भएको थियो भने बेलुकी ०६:०० बजे कार्यक्रम संम्पन्न भएको थियो । गाउँपालिका भित्रका सर्वसाधारण सेवाग्राहीहरुलाई पर्याप्त सहभागिता जनाउनको लागि सहज हुने स्थानहरुमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने अजयमेरु गाउँपालिकाको नीति अनुरुप गाउँ कार्यपालिकाको नजिकै रहेको गाउँसभा भवनमा कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रममा बढि भन्दा बढि जनसहभागिताका लागि सबै वडाका नागरिकहरुको पायक पर्ने सो स्थान छनौट गरिएको हो । यससँगै गाउँ कार्यपालिकाको कार्यालयले मिति २०८२ साउन ०७ गते सार्वजनिक सूचना जारी गरेर गाउँपालिकाको सूचना पार्टी र वडा कार्यालयहरुको सूचना पार्टीसहित बिभिन्न सार्वजनिक स्थलहरुमा सूचना टाँस गरिएको थियो भने बिभिन्न आमसञ्चार माध्यमहरु र गाउँपालिकाको वेवसाईटमार्फत सूचना सार्वजनिक गरिएको थियो ।

## (५) कार्यक्रम सहजीकरण गर्ने व्यक्तिको नाम, थर र ठेगाना

**नाम थर :** रामबहादुर धामी
**आवद्धता : पत्रकारिता**
**अनुभव : ३० बर्ष**
**ठेगना :** परशुराम नगरपालिका-७ साँदनी डडेल्धुरा
**आवद्ध सञ्चारमाध्यमहरु :**
१) देवभूमी राष्ट्रिय दैनिक/झिल्को न्यूज डटकम डडेल्धुरा
२) नेपाल समाचार पत्र काठमाण्डौं

## (६) सार्वजनिक सुनवाई कार्यक्रममा सहभागिता

सार्वजनिक सुनवाई कार्यक्रममा गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, सबै वडाका वडाध्यक्ष, गाउँपालिकामा कयासिल बिभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू तथा गाँउपालिकामा कार्यरत समस्त कर्मचारीहरु, विषयगत कार्यालयका प्रतिनिधीहरु, सुरक्षा निकायका प्रतिनिधी, सामाजिक परिचालकहरु, स्थानीय तहमा कृयासिल गैर सरकारी संस्थाका प्रतिनिधिहरु, स्थानीय व्यापार व्यवसाय र उद्यमी समूहका प्रतिनिधिहरु, भ्रष्टाचार विरुद्धको अभियानमा संलग्न नागरिक प्रतिनिधिहरु, स्थानीय विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि तथा शिक्षकहरु, विभिन्न युवा क्लवका प्रतिनिधिहरु, स्थानीय बुद्धिजिवी, समाजसेवी, नागरिक समाजका अगुवा लगायत विभिन्न वडाका सेवाग्राहीहरु सहित कुल जम्मा १६५ जनाको उपस्थिति थियो । कार्यक्रम अवधीभर कार्यक्रमका सहभागीहरु सकृय सहभागी रहेका थिए । यससँगै सूचनाको प्रविधीको प्रयोग गरेर जिज्ञाशा, गुनासो र सुझाव प्रस्तुत गर्नेहरुको संख्या पनि अत्यधिक रहेको थियो । अजयमेरु गाउँपालिकाको सूचना प्रविधि शाखाबाट कार्यक्रमको प्रतक्ष्य प्रशारणसमेत गरिएको थियो । सहभागीहरुको विवरण अनुसुची ५ मा उल्लेख गरिएको छ ।

## (७) सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन विधि र प्रकृया

सार्वजनिक सुनुवाई कार्यक्रम निम्न अनुसार सम्पन्न गरिएको थियो ।

- सार्वजनिक सुनवाई कार्यक्रममा सहभागीहरुको नाम दर्ता ।
- सार्वजनिक सुनुवाई कार्यक्रमको औपचारिक उद्घाटन र शुभारम्भ ।
- कार्यक्रममा सहभागी अतिथिहरुको अध्यक्षता ग्रहण तथा आशन ग्रहण ।
- स्वागत मन्तव्य ।
- सार्वजनिक सुनुवाई कार्यक्रम के हो ? यसको उदेश्य ? महत्व र फाईदाको वारेमा प्रकाश पार्ने ।
- आचारसंहिता वाचन तथा सहभागीबाट अनुमोदन ।
- बर्हिगमन अभिमत र नागरिक प्रतिवेदनको नतिजा प्रस्तुतीकरण ।
- सार्वजनिक सेवाप्रवाह वारे अजयमेरु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री जितेन्द्र ओझाबाट संक्षिप्त प्रतिवेदन प्रस्तुति ।
- सार्वजनिक सुनवाई अवधीमा गाउँपालिकाबाट भए गरेका कार्यप्रगति तथा वित्तीय विवरणहरुको प्रस्तुती ।
- अघिल्लो सार्वजनिक सुनुवाईमा उठेका सवाल तथा तर्जुमा गरिएको कार्ययोजना बारेमा संक्षिप्त प्रस्तुतीकरण ।

- नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमतको प्रतिवेदनका सन्दर्भमा जिज्ञासा, गुनासो र सुझावहरु प्रतक्ष्य रुपमा सोध्ने र गाउँपालिकाको फेसबुक पेज, कार्यक्रमको समन्वय र सहजीकरण गरिरहेका पत्रकार रामबहादुरा धामीको ब्यक्तिगत मोबाईल, सूचना प्रविधी शाखा र एसएमएसमार्फत प्रश्न, गुनासो र सुझावहरु संकलन गरि अथिती बक्ताहरुबाट सम्बोधनको पहल गरिएको ।
- सवाल जवाफको कार्यक्रम अन्तर्गत कार्यक्रममा सहभागी सेवाग्राहीहरुवाट प्रश्न सोध्ने तथा संकलन गर्ने ।
- सम्वन्धित पदाधिकारीमार्फत जिज्ञासामाथि प्रकाश पार्ने र सुनवाई गर्ने ।
- समापन मन्तव्य र धन्यवाद ज्ञापनसहित कार्यक्रम विसर्जन ।

## (८) सार्वजनिक सुनुवाई कार्यक्रममा उठाईएका महत्वपुर्ण प्रश्न, गुनासो र जिज्ञासाको सम्बन्धित अधिकारीबाट सम्बोधनको विवरण

| प्रश्नकर्ता, गुनासोकर्ता र सुझाव दिने ब्यक्तिको नाम थर र ठेगाना | सहभागीको प्रश्न, सुझाव र गुनासोको संक्षिप्त विवरण | जवाफदिने अधिकारीको नाम थर | जवाफको संक्षिप्त विवरण |
|---|---|---|---|
| शेरबहादुर ऐर अजयमेरु-२ डडेल्धुरा (फेसबुक लाईभबाट) | अजयमेरु-२ वडा कार्यालयमा तीन जना कार्यालय सहयोगी राखिएको छ । करारमा कार्यालय सहयोगी नियुक्ती गर्दा विज्ञापन गरेर राखिएको हो ? कति जनाको निवेदन परेको थियो ? दरबन्दी कति जनाको छ ? अध्यक्षज्यूले स्पष्ट पारिदिनु पर्‍यो । | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | वडा कार्यालयमा तीन जना कार्यालय सहयोगी भएको कुरा कतैबाट पनि खुल्न सकेको छैन । प्रमुख प्रशासकीय अधिकृतज्यूलाई बुझ्दा पनि तीन जना कार्यालय सहयोगीको सेवा सुविधा उपलब्ध भएको पाइएन् । यो भ्रामक कुरा हो । एक जना मात्रै कार्यालय सहयोगी कार्यरत छन । |
| सुदर्शन भट्ट अजयमेरु-१ खतेडा, डडेल्धुरा | योजना सम्पन्न भई सकेपछि केहि काम बिग्रेको मर्मत सम्भार गर्नुपर्ने वा पुर्ननिर्माण गनुपर्ने देखिन्छ । यसको जिम्मेवारी कसले लिन्छ ? केहि योजनाहरु बर्षौदेखि दोहोरिएका छन । मुल्यांकन गरेर योजना फेरबदल गरिएको छ कि छैन ? | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | उपभोक्ता समितिबाट निर्माण भएका योजनाहरु सम्पन्न हुने बित्तिक्कै हस्तान्त्रण गरिन्छ । योजनाको दिगोपनाका लागि उपभोक्ता समितिले मर्मत सम्भार कोष बनाएर परिचालन गर्न सक्छन । निर्माण व्यवसायीको धरौटी रकमबाट मर्मत सम्भार गर्न सकिन्छ । |

| प्रश्नकर्ता, गुनासोकर्ता र सुझाव दिने व्यक्तिको नाम थर र ठेगाना | सहभागीको प्रश्न, सुझाव र गुनासोको संक्षिप्त विवरण | जवाफदिने अधिकारीको नाम थर | जवाफको संक्षिप्त विवरण |
|---|---|---|---|
| | | | दिर्घकालिन योजनाहरु बर्षौदेखि जारी रहन्छन भने योजना फेरबदल गर्ने या नगर्ने विषय मुल्यांकनका आधारमा हुन्छ । |
| पदम खडका अजयमेरु-५ डडेल्धुरा | अजयमेरु गाउँपालिकाको गौरवको योजना डागेश्वरी लिफ्ट खानेपानी योजना कहिले सम्पन्न हुन्छ ? | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | योजना सम्पन्न गर्न पटक पटक निर्माण व्यवसायीलाई ताकेता गरिरहेका छौं । चालु आर्थिक बर्ष २०८२/०८३ भित्रै योजना सम्पन्न गर्ने तयारी गरेका छौं । |
| नविन पन्त अमयमेरु-६ डडेल्धुरा | अजयमेरु-६ गुवाडीमा कहिलेदेखि सामुदायीक स्वास्थ्य क्लीनिक सञ्चालन हुन्छ ? | गणेशबहादुर पाल स्वास्थ्य शाखा प्रमुख | चालु आर्थिक बर्षदेखिनै सञ्चालनमा ल्याउने किसिमले प्रकृया थालनी भइरहेको छ । चाँडै सञ्चालनमा आउने विश्वास दिलाउन चाहन्छु । |
| राजेशप्रसाद पनेरु फेसबुक लाईभबाट | गाँउघरमा रहेको युवा जनशक्ती रोजगारीका लागि विदेशिएकाले मान्छे मर्दा घाटसम्म लैजान मलामी पाउन नसक्ने अबस्था छ । अन्य स्थानीय तहले जस्तै अजयमेरु गाउँपालिकाले कहिले देखि शववाहन सञ्चालनमा ल्याउछ ? | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | बस्तीस्तरबाट योजना माग भइ नआए पनि शववाहन सञ्चालन गर्न आवश्यक देखिएको छ । गाउँपालिकाले श्रोत जुटाएर शव वाहन सञ्चालन गर्ने अवगत गराउँछु । यसका लागि बिभिन्न निकायहरुसँग सहकार्य समन्वय गर्ने काम भइरहेको छ । |
| टेक कठायत फेसबुक लाईभबाट | जयन्ती प्रा.वि. नौलाकोटमा कार्यरत शिक्षक सरुवा गर्दा मैले पनि निवदेन पेश गरेको छु । तर कार्यविधी विपरित मलाई नभई कनिष्ट शिक्षकलाई सरुवा गरिदैंछ भन्ने हल्ला सुनेको छु । वास्तविकता के हो ? सार्वजनिक गरियोस । | लालबहादुर सेटी शिक्षा शाखा प्रमुख | जयन्ती प्रा.वि. नौलाकोटबाट तीन जना शिक्षकहरुको सरुवाका लागि सिफारिस सहित निवेदन प्राप्त भएको छ । निवेदन पेश भए पनि सोमाथि निर्णय हुन सकेको छैन । शिक्षा नियमावली र कार्यविधीअनुसार शिक्षक सरुवाका लागि आवश्यक कारवाही हुने र कानून विपरित कुनै पनि काम नहुने विश्वास दिलाउन चाहन्छु । हल्लाको |

| प्रश्नकर्ता, गुनासोकर्ता र सुझाव दिने व्यक्तिको नाम थर र ठेगाना | सहभागीको प्रश्न, सुझाव र गुनासोको संक्षिप्त विवरण | जवाफदिने अधिकारीको नाम थर | जवाफको संक्षिप्त विवरण |
|---|---|---|---|
| | | | पछाडी कसैले पनि पर्नु हुँदैन । |
| खगराज गिरी अध्यक्ष, नेकपा (एकीकृत समाजवादी) अजयमेरु गाउँ कमिटी | मैले सार्वजनिक सुनवाई कार्यक्रमका लागि चार वटा जिज्ञाशाहरु लिएर आएको छु । १) अजयमेरु गाउँपालिकामा निर्माणाधिन आधारभुत अस्पतालको पटक पटक म्याद थपे पनि ठेकेदारबाट काम हुन सकेको छैन । | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | आधारभुत अस्पताल मात्रै नभई प्रशासनिक भवन र गाउँपालिका भित्र ठेक्कामार्फत कार्यान्वयन भइरहेका अन्य योजनाहरुमा पनि ढिलासुस्ती भएको छ । संघीय सरकारले म्याद थप्ने निर्णय गरेकाले ठेक्काको म्याद थप गरिए पनि समयमै काम सक्न पटक पटक ताकेता गरिरहेका छौं । चालु आर्थिक बर्षभित्रै सबै अधुरा कामहरु सम्पन्न गराउने योजना बनाएका छौं । श |
| | २) ढिमौला हुँदै गाउँपालिका पुग्ने सडक पीच गर्ने बारेमा योजना के भइरहेको छ ? | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | सो सडक खण्ड पीच गर्न झण्डै १७ करोड खर्च लाग्ने तीन बर्ष पहिले स्वीकृत डीपीआरमा उल्लेख छ । यति धेरै रकम गाउँपालिकाले आफ्नै श्रोतबाट खर्च गर्न सक्दैन । यसबर्ष संघीय सरकारले पाँच करोड बजेट बिनियोजन गरेको छ । श्रोत जुटाउँदै सडक स्तरोन्नतिको काम अघि बढाइने छ । |
| | ३) युवा पलायन रोक्ने र आत्मनिर्भर अर्थतन्त्र बनाउन कृषि क्षेत्रमा के के योजनाहरु ल्याउनु भएको छ ? | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | युवा पलायन रोक्ने उदेश्यले कृषि क्षेत्रमा बिभिन्न योजनाहरु कार्यान्वयन भइरहेका छन । कृषि उत्पादन र उत्पादकत्व बढाउँदै कृषि उपजहरुको बजारीकरणका लागि गाउँपालिकाले बिभिन्न प्रयासहरु गरिरहेको छ । |
| | ४) भद्रपुर वृहत खानेपानी योजना केवल बजार क्षेत्रमा सिमित बन्न पुगेको छ । यसको विस्तारका लागि के | टेकबहादुर बिष्ट इन्जीनियर पुर्वाधार | योजना सम्पन्न भए पनि सौर्य उर्जाबाट पानी तान्न केहि जटिलता देखिएको छ । नियमित घाम नलाग्ने भएकाले स्थान |

| प्रश्नकर्ता, गुनासोकर्ता र सुझाव दिने व्यक्तिको नाम थर र ठेगाना | सहभागीको प्रश्न, सुझाव र गुनासोको संक्षिप्त विवरण | जवाफदिने अधिकारीको नाम थर | जवाफको संक्षिप्त विवरण |
|---|---|---|---|
| | योजना बनाइएको छ ? | शाखा प्रमुख | परिवर्तन गरेर विस्तारै खानेपानी योजना विस्तार गरिने छ । |
| शेरबहादुर ऐर अजयमेरु-२ डडेल्धुरा (फेसबुक लाईभबाट) | अजयमेरु सरकारले आन्तरिक आम्दानी भन्दा डेढ गुना बढी रकम पदाधिकारीहरुको सेवा सुविधामा खर्च गरेको र सवारी साधनमा ८२ लाख बढी रकम खर्च गरेको महालेखा परिक्षक कार्यालयको प्रतिवेदनमा उल्लेख छ । यसको वास्तविकता के हो ? | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | आन्तरिक आम्दानी बर्षेनी बढ्दै गएको छ । करको दर नभई दायरा बढाएका छौ । तोकिएको सेवा सुविधा मात्रै लिइएको छ । सवारी साधनहरु पुराना भएकाले मर्मत सम्भार र इन्धनमा बढि खर्च हुने गरेको छ । प्रशासनिक खर्च घटाउँदै लैजाने सोचअनुरुप काम भइरहेको अवगत गराउछु । |
| करुणाकर पनेरु इन्चार्ज, नेकपा (माओवादी केन्द्र) अजयमेरु | बिभिन्न पार्टीबाट निर्वाचित जनप्रतिनिधीहरुले पार्टीको निर्देशनअनुरुप काम गरेको पाइदैन । योजना तर्जुमा गर्दा पार्टीसँग परामर्श लिने काम भएको छैन । पार्टीलाई अलग राखेर जनप्रतिनिधीहरु कसरी सफल हुन सक्छन ? | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | पार्टीबाट टिकट लिएर निर्वाचित भएका सबै जनप्रतिनिधीहरुले पार्टीको निर्देशनअनुरुप काम नगरेको पाइएमा पार्टीले कारवाही गर्न सक्छ । अजयमेरुमा स्वतन्त्र बाहेक सबै पार्टीबाट निर्वाचित जनप्रतिनिधी छन । राजनीतिक दलहरुसँग सहकार्य समन्वय गरेर काम गरिरहेका छौं । |
| टेक ऐर अजयमेरु-३ डडेल्धुरा | गाउँपालिकाले थुप्रै सडक योजना बनाएको छ तर बाह्रैमास यातायात सञ्चालन हुने एउटा पनि सडक छैन । सडक लामो बनाउनु भन्दा बनाइएका सडकहरुमा नाली र पर्खाल व्यवस्थापन किन हुन सकेको छैन ? | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | सबै गाउँबस्तीहरुमा सडक सञ्जाल पुर्‍याउने योजनाअनुरुप सडक निर्माण गरिएका हुन । सडक स्तरोन्नतिका लागि बजेट माग गर्ने र प्रदेश तथा संघ सरकारलाई गुहार्ने काम भइरहेको छ । विस्तारै सडक स्तरोन्नति गरिने छ । |
| नन्दलाल जोशी अजयमरु-२ डडेल्धुरा | सामुदायीक वनमा स्वास्थ्य चौकी निर्माण कार्य भइरहेको छ । वनको अनुमति बिना सामुदायीक वनमा संरचना निर्माण गर्न मिल्छ र ? | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | संघीय सरकारको योजनाअनुरुप स्वास्थ्य चौकी निर्माण भइरहेको हो । जग्गा खरिद गरेर वा कसैले दान दिएमा स्वास्थ्य चौकी भवन बनाउन सकिन्छ । |

| प्रश्नकर्ता, गुनासोकर्ता र सुझाव दिने व्यक्तिको नाम थर र ठेगाना | सहभागीको प्रश्न, सुझाव र गुनासोको संक्षिप्त विवरण | जवाफदिने अधिकारीको नाम थर | जवाफको संक्षिप्त विवरण |
|---|---|---|---|
| सुरेश भट्ट अजयमेरु-१ डडेल्धुरा | मेरो प्रश्न गाउँपालिका अध्यक्ष विकासजीलाई हो । तपाईको नाममात्रै विकास हो की ? साच्चै विकास गर्न चाहनु हुन्छ भने गुणस्तरीय रुपमा काम किन हुन सक्दैन ? | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | काम गर्नका लागि लागेकै छु । सबै गाउँबासीलाई सन्तुष्ट बनाउने मेरो जिम्मा हो । तपाईलाई सन्तुष्ट बनाउन नसकिएको रहेछ । अगामी दिनमा तपाईलाई पनि सन्तुष्ट हुने गरेर काम गर्छु । |
| शेरबहादुर ऐर अजयमेरु-२ डडेल्धुरा (फेसबुक लाईभबाट) | गाउँपालिकाले बोका खरिद गर्दा कसरी रकम बेरुजु भएको हो ? किसानलाई उन्नत जातको बोका वितरण गर्दा किन रकम बेरुजु हुन पुग्यो ? | चन्द्रकान्त चटौत पशु सेवा शाखा प्रमुख अजयमेरु गाउँपालिका | यो वडा नं. ३ कार्यालयबाट सञ्चालित योजना हो । यसमा पुँजीगत तर्फको बजेट बिनियोजन नगरी चालुतर्फको बजेटबाट बोका खरिद गर्दा बेरुजु देखिएको हो । |
| | | रमेशबहादुर भाट का.वा. वडाध्यक्ष वडा नं. ३ | पशु सेवा शाखा प्रमुख चटौत सरले भन्नु भए जस्तै चालु तर्फको बजेट पुँजीगतमा खर्च हुँदा शैद्धान्तिक बेरुजु देखिएको हो । अगामी दिनमा यस्ता विषयहमा सुधार गरिने छ । |
| टेक ऐर अजयमेरु-३ डडेल्धुरा | गत बर्ष गाउँपालिकाले मलाई पनि उत्कट किसान छनौट गरेको थियो । उत्कृष्ट किसान छनौट गर्ने विधी के छ ? कृषि अनुदान रकम हालसम्म वास्तविक किसानसम्म किन पुग्न सकेको छैन ? कृषि अनुदानलाई पारदर्शी बनाउन किन सकिएको छैन ? कृषकहरुको भलाईमा किन योजना ल्याईदैन ? | तारा सिँह कृषि शाखा प्रमुख | एक पटक उत्कृष्ट किसानका रुपमा छनौट गरिएका किसानलाई पुनः दोस्रो पटक छनौट गर्ने व्यवस्था छैन । गाउँपालिकाले सूचना आह्वान गर्दै प्रस्तावना माग गरेर प्रकृयागत किसिमले कृषि अनुदान वितरण गर्ने गरेको छ । किसान भन्दा बाहिर कृषि अनुदान वितरण हुने कुरा भएन । प्रकृयामा छनौट भएका किसानले मात्रै कृषि अनुदान पाउछन । |
| सुरेश भट्ट अजयमेरु-१ | मेरो प्रश्न अजयमेरु गाउँपालिका-१ का वार्डअध्यक्ष | दत्तिसिंह भण्डारी | सो सडक संघीय सरकारले बनाएको हो । प्रदेश सरकारले |

| प्रश्नकर्ता, गुनासोकर्ता र सुझाव दिने व्यक्तिको नाम थर र ठेगाना | सहभागीको प्रश्न, सुझाव र गुनासोको संक्षिप्त विवरण | जवाफदिने अधिकारीको नाम थर | जवाफको संक्षिप्त विवरण |
|---|---|---|---|
| डडेल्धुरा | दत्तीसिँह भण्डारीलाई छ । सिँचाईको नहरमाथि सडक खनेर सिँचाई योजना भताभुङ्ग गर्ने काम किन भएको छ ? यसमा संलग्नलाई कारवाही हुन्छ की हुँदैन ? | वार्ड अध्यक्ष अजयमेरु गाउँपालिका वडा नं. १ | बनाएको सिँचाई नहरमा संघीय सरकारको सडक योजनाले क्षति पुगाएको छ । यसमा हामीले वास्तविकता लेखेर सम्बन्धित निकायलाई पठाई सकेका छौं । बाँकी भन्नु केहि छैन । |
| रामचन्द्र पाण्डेय अध्यक्ष भद्रपुर लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति | भद्रपुर लिफ्ट खानेपानी योजनाको बारेमा पनि कुरा उठेको छ । हाल योजनाबाट बजार क्षेत्रमा मात्रै खानेपानी आपुर्ति भईरहेको छ । सौर्य उर्जाको क्षमता नबढाउने हो भने खानेपानीको संकट उत्पन्न हुने अबस्था छ । कसरी योजना विस्तार गर्ने ? | टेकबहादुर बिष्ट इन्जीनियर पुर्वाधार शाखा प्रमुख | यस विषयमा पहिला पनि जानकारी गराई सकेको छ । सौर्य उर्जा प्रणालीको क्षमता बढाएर बढी पानी तान्न सकिए मात्रै योजना विस्तार गर्न सकिन्छ । यसका लागि गाउँपालिकाले अगामी दिनमा योजनामा थप लगानी गर्न आवश्यक देखिएको छ । |
| सुरेन्द्र शाह अजयमेरु-३ डडेल्धुरा | उपभोक्ता समिति गठन गर्दा कुनै पनि उपभोक्तालाई जानकारी नगराई केहि सिमित ब्यक्तिहरुले उपभोक्ता समिति गठनगरि योजना कार्यान्वयन गर्ने गरेका छन । समानुपातिक र समावेशी ढंगबाट बजेट वितरण हुन नसकेको । | जितेन्द्र ओझा प्रमुख प्रशासकीय अधिकृत अजयमेरु गाउँपालिका | उपभोक्ता गठन कार्यलाई पारदर्शि बनाउन गाउँपालिकाले सार्वजनिक सूचना जारी गर्ने, फेसबुक पेज र बेबसाईटबाट जानकारी गराउने र जनप्रतिनिधी तथा कर्मचारीबाट प्रचार प्रसार गर्ने गरिएको छ । सहभागितात्मक ढंगबाट उपभोक्ता समिति गठन गरिन्छ । |
| मायादेवी टमाटा अजयमेरु-३ डडेल्धुरा | महिला, दलित र सिमान्तकृत समुदायसँग सम्बन्धित कार्यक्रमहरुमा आफ्ना मानिसहरुलाई मात्रै सहभागी गराउने काम भइरहेको छ । पहुँच नभएका ब्यक्तिलाई गाउँपालिकाले नहेर्ने हो र ? | बसन्ती पाल उपाध्यक्ष अजयमेरु गाउँपालिका | महिला दलित र सिमान्तकृत समुदायका लागि लैगिंक उत्तरदायी बजेट बिनियोजन हुने गरेको छ । आवश्यकता अनुसार कार्यक्रममा सहभागी गराइन्छ । यसमा कसैमाथी पक्षपात भएको मलाई लाग्दैन । |
| सुरेश भट्ट अजयमेरु-१ डडेल्धुरा | अजयमेरु गाउँपालिकाका हरेक सामुदायीक विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको | उमेशप्रसाद भट्ट 'विकास' | विद्यार्थी मात्रै नभएर जनसंख्या पनि निरन्तर घट्दै गएको छ । |

| प्रश्नकर्ता, गुनासोकर्ता र सुझाव दिने व्यक्तिको नाम थर र ठेगाना | सहभागीको प्रश्न, सुझाव र गुनासोको संक्षिप्त विवरण | जवाफदिने अधिकारीको नाम थर | जवाफको संक्षिप्त विवरण |
|---|---|---|---|
| | पाइएको छ । किन विद्यार्थी संख्या घट्दै गएको छ ? यसबारेमा स्पष्ट जवाफ अध्यक्षज्यूले दिनुपर्‍यो । | गाँउपालिका अध्यक्ष | |
| राजबहादुर ऐडी अजयमेरु गाउँपालिका-४ डडेल्धुरा | किसानहरुका समस्या समाधान गर्न अजयमेरु गाउँपालिकाले खासै काम गर्न सकेको छैन । किसानमैत्री सेवा सञ्चालन हुन सकेको छैन । सेवाप्रवाह गर्दा कर्मचारी र जनप्रतिनिधीहरुले किसानलाई वेवास्ता गरेको जस्तो महसुष हुन्छ। कर्मचारी संयन्त्रले सेवा प्रवाह गर्दा हरेक नागरिकलाई सन्तुष्ट बनाउन जरुरी छ । सेवा प्रवाहको अबस्थामा सुधार ल्याउन गाउँपालिकाले कस्ता योजनाहरु ल्याएको छ ? | जितेन्द्र ओझा प्रमुख प्रशासकीय अधिकृत अजयमेरु गाउँपालिका | सर्वप्रथम त निकै महत्वपुर्ण र समसामयीक समस्या र सवाल उठान गर्नुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु। अजयमेरु गाउँपालिकामा कार्यरत कुनै पनि कर्मचारीले हालसम्म सेवाग्राहीलाई सेवाप्रवाह गर्दा हैरानी दिएको, ढिलासुस्ती गरेको र पक्षपात गरेको विषयमा गुनासो आएको छैन । कतै कमजोरी भएको भए गुनासो आउने बित्तिकै आवश्यक कारवाही गरिने जानकारी गराउदँछु। सेवाप्रवाह जनमुखी र प्रभावकारी बनाउन निरन्तर प्रयास भइरहेको छ। |
| फेसबुक वालबाट थुप्रै सहभागीको साझा प्रश्न | हरेक चौमासिक अवधीमा सार्वजनिक सुनवाई कार्यक्रम आयोजना गरिनु पर्ने प्रावधान भए पनि नियमित रुपमा सार्वजनिक सुनवाई कार्यक्रम किन हुन सकेन ? | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | हामीले नियमित रुपमा सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न गरेका छौं । अगामी दिनमा सार्वजनिक सुनवाई कार्यक्रमलाई थप प्रभावकारी र उपलबधिमुलक बनाईने छ। |
| राज मनराल जीवन रक्षा केन्द्र डडेल्धुरा | अजयमेरु गाउँपालिकामा रहेका सामुदायीक विद्यालयहरु मध्ये गुनपाल विद्यालयको व्यवस्थापन निकै उत्कृष्ट छ। यस्तो व्यवस्थापन सबै सामुदायीक विद्यालयमा हुनुपर्छ । विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन अजयमेरु | लालबहादुर सेटी शिक्षा शाखा प्रमुख अजयमेरु गाउँपालिका | सामुदायीक विद्यालयहरुको व्यवस्थापन प्रभावकारी र उपलब्धीमुलक बनाउन गाउँपालिकाले प्रयास गरिरहेको छ । गुनपालमात्रै नभई सबै विद्यालयको व्यवस्थापन उपयुक्त बनाउन सबै पक्षको सहयोगको अपेक्षा गरेका छौं । शैक्षिक |

| प्रश्नकर्ता, गुनासोकर्ता र सुझाव दिने व्यक्तिको नाम थर र ठेगाना | सहभागीको प्रश्न, सुझाव र गुनासोको संक्षिप्त विवरण | जवाफदिने अधिकारीको नाम थर | जवाफको संक्षिप्त विवरण |
|---|---|---|---|
| | गाउँपालिकाले कुन कुन प्रयास गरिरहेको छ । | | गुणस्तर बढाउन सबै पक्ष मिलेर अघि बढनुको विकल्प छैन । |
| रमेश शाह इन्चार्ज, नेकपा (एमाले) अजयमेरु | कृषि क्षेत्रमा प्रयाप्त बजेट बिनियोजन हुन सकेको छैन । कति प्रतिसत बजेट कुन क्षेत्रमा बिनियोजन भयो भनेर वास्तविकता सार्वजनिक हुन सकेन । कुन क्षेत्रमा कति लगानी गरेर कस्तो उपलब्धी हासिल भयो भन्ने बारेमा कार्यक्रममा विस्तृत जानकारी गराएको भएमा अझ राम्रो हुने थियो । | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | हामीले नियमित रुपमा सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न गरेका छौं । अगामी दिनमा सार्वजनिक सुनवाई कार्यक्रमलाई थप प्रभावकारी र उपलबधिमुलक बनाईने छ । बार्षिक बजेट र खर्चको सम्पुर्ण विवरण प्रस्तुत गरिएको छ । कुन क्षेत्रमा कति बजेट बिनियोजन र खर्च भयो भन्ने बारेमा सार्वजनिक तथ्यांकबाट सहजै पत्ता लगाउन सकिन्छ । |
| टेकराज पाण्डेय सभापति नेपाली काग्रेंस अजयमेरु गाउँसमिति डडेल्धुरा | गाउँपालिकाले गत आर्थिक बर्षमा गरेका प्रशंसनीय र उपलब्धीमुलक कार्यक्रमहरुको बारेमा सबैले सकरात्मक रुपमा लिनुपर्छ । शिक्षा सम्मेलन गरेर गाउँपालिकाले असल कार्यको सुरुवात गरेको छ । अधिकांस योजनाहरु जनमुखी र आवश्यकताको आधारमा प्रभावकारी रुपमा कार्यान्वयन भइरहेका छन । अझ राम्रो गर्नका लागि हाम्रो पार्टीबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु । तर, गाउँपालिकाले हामी सबैलाई सिमोटेर लैजान सक्नुपर्छ । हाम्रो पार्टीका श्रद्धेय सभापति तथा सम्माननीय पुर्व प्रधानमन्त्री श्री शेरबहादुर देउवाको तागतले, प्रदेश | उमेशप्रसाद भट्ट 'विकास' गाँउपालिका अध्यक्ष | महत्वपुर्ण सुझाव सल्लाहका लागि पाण्डेयजीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अजयमेरु गाउँपालिकाले सबै राजनीतिक दल र सरोकारवालाहरुसँग सहकार्य समन्वय गरेर थुप्रै उपलब्धीमुलक कामहरु गर्न सकेको हो । सबै राजनीतिक दलहरुले हामीलाई मार्गनिर्देशन गर्नु भएको छ । सबैको सहयोग र सदासहायताका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । शिक्षा सम्मेलनबाट थुप्रै सिकाईहरु भएका छन । अगामी दिनमा शिक्षा क्षेत्रमा उल्लेखनीय काम गर्नका लागि बाटो खुलेको छ । यस्तै अन्य असल कामहरुको बारेमा प्रंशसा गर्नुभयो । हामी सबैले सकरात्मक सोच राखेर काम गर्ने हो भने हामीले हाम्रा |

| प्रश्नकर्ता, गुनासोकर्ता र सुझाव दिने व्यक्तिको नाम थर र ठेगाना | सहभागीको प्रश्न, सुझाव र गुनासोको संक्षिप्त विवरण | जवाफदिने अधिकारीको नाम थर | जवाफको संक्षिप्त विवरण |
|---|---|---|---|
| | सरकारका मुख्यमन्त्री श्री कमलबहादुर शाहको सकृयताले हामी थुप्रै योजनाहरु गाउँपालिकामा ल्याउन सक्छौ । त्यसका लागि गाउँपालिकाले हाम्रो सहयोग लिन सक्नुपर्छ । हामीलाई सदुपयोग गर्न सक्नुपर्छ । | | निदृष्ट उदेश्य र लक्ष्यहरु हासिल गर्नेछौं । अजयमेरु गाउँपालिका सबै पक्षको सहयोग, सहकार्य र समन्वयमा गाउँपालिकाको मुहार फेर्न लागिपरेको छ । सबैलाई हृदयदेखिनै धन्यवाद दिदैं अगामी दिनमा पनि उपलब्धीमुलक सहकार्यको अपेक्षा गर्दछु । |

## ९) गाउँपालिका नेतृत्व र जिम्मेवार अधिकारीहरुबाट ब्यक्त गरिएका प्रतिवद्धताहरु

योजना निर्माणमा गुणस्तरहिन सामाग्री प्रयोग भएको भए अनुगमन गरेर माथिल्लो निकायमा पत्राचार गरिने छ । गाउँपालिका भित्र रहेको सार्वजनिक जग्गा संरक्षणको लागि तुरुन्त काम सुरु गरिने छ । सामाजिक सुरक्षा भत्ता समयमै वितरण गर्न विशेष पहल गरिने छ । यस सार्वजनिक सुनुवाइमा बहिर्गमन अभिमत, नागरिक प्रतिवेदन पत्रको प्रतिवेदनले औंल्याएका विषयहरु र खुल्ला छलफलबाट आएका सल्लाह सुझावलाई सकारात्मक रुपमा ग्रहण गर्दै प्राप्त सल्लाह अनुसार अघि बढने प्रतिबद्धता व्यक्त गर्दछौ । गाउँपालिका वार्षिक योजनाहरूलाई प्राथमिकताको आधारमा पुरा गर्नेछौ । सबै प्रकृयाहरू पुऱ्याएर आएका कागजातको भुक्तानीमा ढिला गर्न दिइने छैन । सेवाग्राहीलाई काममा बाधा पर्ने गरि गाउँपालिकाका सबै कर्मचारी अनुपस्थित हुने छैनन् । गाउँपालिका कार्यालयले मुस्कानसहितको सेवा दिन र सार्वजनिक सेवाप्रवाहलाई समयसापेक्ष रुपमा गुणस्तरीय र प्रभावकारी बनाउन प्रयासरत रहने छौं । नागरिक वडापत्रको स्थापना र पालना गरिनेछ । गाँउपालिकाले राखेको सुझाव पेटिका र गुनासो पेटिकालाई प्रभावकारी बनाएर कार्य सम्पादनमा सुधार ल्याईने छ ।

## (१०) सम्पन्न सार्वनजिक सुनवाई कार्यक्रमका महत्वपुर्ण सिकाईहरु :

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाई भएको छ ।

- सार्वजनिक सुनुवाई कार्यक्रमबाट आम गाउँपालिकाबासी नागरिकहरुको वास्तविक समस्यालाई नजिकैबाट बुझ्न सकिएको छ । खुला सम्वादले समस्या समाधानका लागि मार्गप्रशस्त गर्ने सिकाई भएको छ ।

- विगतको तुलनामा पछिल्ला सार्वजनिक सुनुवाइहरूमा गाउँपालिकाबासीको उपस्थिति उल्लेख्य रूपमा बृद्धि हुँदै गएको पाइयो । सूचना प्रविधीको समुचित उपयोग गरेर सार्वजनिक सुनवाई कार्यक्रमलाई अझ बढि प्रभावकारी बनाउन सकिने रहेछ ।
- यस प्रकारको सार्वजनिक सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा गाउँपालिकाको कार्य सम्पादनमा सुधार भएको र सुशासन प्रवर्द्धनमा सहयोग पुगेको देखियो ।
- यस प्रकारका कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न र शुशासन प्रवर्द्धन गर्न सफल र प्रभावकारी भएको पाइएको छ ।
- जनगुनाासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको हामी सबैले महसुष गरेका छौ ।
- सार्वजनिक सुनवाई सम्बन्धि कार्यविधी बनाएर अगामी दिनमा यसकिसिमका कार्यक्रमलाई अझ बढि प्रभावकारी र उपलब्धीमुलक बनाइने छ ।
- सार्वजनिक सुनवाईसँगै सार्वजनिक परिक्षण, सामाजिक परिक्षण नियमित रुपमा सञ्चालन गर्न सकिएमा जनगुनासो व्यवस्थापनमा निकै सहजता हुने रहेछ ।
- सुशासनको प्रत्याभुति बिना जस्तासुकै योजनाहरु कार्यान्वयन गरे पनि आम नागरिकले परिवर्तनको अनुभुति गर्न नसक्दा रहेछन ।

## ११. निष्कर्ष तथा सुझावहरु :

### निष्कर्ष :

यस अजयमेरु गाउँपालिकामा भएका विकास निर्माणका योजना तथा कार्यक्रम र सेवाप्रवाहको अबस्थामा सम्पन्न सार्वजनिक सुनवाई कार्यक्रमपश्चात भएको सुधारलाई सफलताको सिढीँ मान्नुपर्छ । कार्यक्रमले विकेन्द्रिकरणको कार्यान्वयनसँगै शुशासन प्रवर्द्धनको दिशामा साँच्चै सफल र सवल भएको अनुभूति मिलेको छ । हामी आर्थिक सामाजिक राजनीतिक र साँस्कृतिक उन्नत समाजको निर्माण गर्न सक्छौँ । यसप्रकारले गाउँपालिका र गाउँपालिकाबासीहरुका बीचमा भएका अन्तक्रियाले आगामी दिनहरुमा लक्षित उद्देश्य हासिल गर्ने दिशामा अझै सकारात्मक योगदान पुग्ने आशा र विश्वास लिइएको छ । सार्वजनिक सुनवाई कार्यक्रममा भएको अन्तरसम्वादले सबैले पारदर्शी रुपमा जानकारीहरु हासिल गरेका छन भने गुनासो सुनवाई भएको छ । घरदैलो नजिकको सरकार भएकाले अजयमेरु गाउँपालिकासँग नागरिकका थुप्रै अपेक्षाहरु चुलिएका छन । सिमित श्रोत साधन र जनशक्तिका कारण गाउँपालिकाले थुप्रै नागरिकका अपेक्षा पुरा गर्न सक्ने अबस्था छैन । यस अबस्थामा सबै नागरिकलाई पारदर्शी रुपमा वास्तविकताको जानकारी गराउन सकिएमा स्थानीय सरकारप्रति आम नागरिकहरुको धारणा र जनविश्वासमा सकरात्मक परिवर्तन ल्याउन सकिन्छ । खुला छलफलबाट सेवाप्रदायक र सेवाग्राहीबीचको अन्तरसम्वन्ध अझ सुदृढ हुदैं जानेछ ।

**सुझावहरु :**

यस कार्यक्रम सञ्चालनका क्रममा देखिएका विभिन्न कमी कमजोरीहरुलाई आगामी दिनहरूमा सुधार तथा सम्बोधन गर्न सजिलो होस् भनी केही बुँदाहरुलाई सल्लाह तथा सुझावको रुपमा राखिएको छ ।

- गत सार्वजनिक सुनुवाई कार्यक्रममा पेस गरिएको प्रतिवेदन उपर अपेक्षाकृत ढंगबाट सम्बोधन हुनुपर्ने थियो । तर प्रस्तुतीका क्रममा सन्तोषजनक रूपमा नआएको हुँदा आगामी कार्यक्रममा यस विषयमा थप सुधार गरिने अपेक्षा गरिएको छ ।
- सार्वजनिक सुनुवाई कार्यक्रमप्रति गाउँपालिकावासीको उपस्थितिलाई गरिमामय तुल्याउनका लागि विशेष गरी वडा कार्यालयहरु र सरोकारवाला निकायलाई व्यवस्थित रूपमा परिचालन गर्नुपर्ने देखिएको छ ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा साउण्ड सिष्टमको व्यवस्था हुनु, सूचना प्रविधीको उच्चतम प्रयोग गरिनु र सार्वजनिक सुनुवाईको प्रचार-प्रसार व्यापक रुपमा भएको भए पनि वास्तविक सेवाग्राही नागरिकहरुको वृहत सहभागिता बढन नसकेकाले अगामी दिनमा यस किसिमका कार्यक्रमहरु आयोजनागर्दा सहभागीहरुलाई कार्य्रक्रम प्रति विश्वस्त तुल्याउन जरुरी देखिएको छ ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा व्यक्त भएका जिज्ञासा सुझाव तथा प्रतिबद्धता र सुझावहरुको अनुगमन गर्न सार्वजनिक सुनुवाई उत्तरदायित्व संयन्त्र गठन गर्नुपर्ने देखिएको छ । यससँगै अजयमेरु गाउँपालिकाको सार्वजनिक सुनवाई सम्बन्धि कार्यविधीको अक्षरशः पालना गर्न जरुरी छ ।
- 
- आशा छ आगामी सार्वजनिक सुनुवाई कायक्रममा यस्ता खालका टिप्पणीहरू आउन दिने छैन भन्ने विश्वास दिलाउन चाहान्छु । धन्यवाद ।

प्रतिवेदन तयार गरेर पेश गर्नेको नाम थर : रामबहादुर धामी

आवद्धता : देवभूमी राष्ट्रिय दैनिक/झिल्को न्युज डटकम डडेल्धुरा

पद: प्रधान सम्पादक

हस्ताक्षर : [signature]

प्रतिवेदन पेश गरिएको मिति : २०८२/०४/२०

# अनुसुचीहरु

## अनुसुची १

### सार्वजनिक सुनवाई कार्यक्रमका लागि गाँउपालिकाले जारी गरेको सार्वजनिक सूचना

स्थानीय सरकार
अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

प.सं.- ०८२/०८३
च.नं.-

इमेल: info@ajayamerumun.gov.np
वेभसाइट: www.ajayamerumun.gov.np

मिति २०८२/०४/०७

श्री सरोकारवाला सबै,
अजयमेरु गाउँपालिका, डडेल्धुरा ।

विषय: आ.व. २०८१/०८२ को वार्षिक सार्वजनिक सुनुवाई सम्बन्धी सूचना ।

आर्थिक वर्ष २०८१/०८२ मा अजयमेरु गाउँपालिका अन्तर्गत यस कार्यालयद्वारा वडा कार्यालय, विषयगत शाखा तथा गैरसरकारी संघसंस्थाहरू मार्फत संचालन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरूको वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम तपसिलको मिति, स्थान र समयमा हुने भएकाले गाउँपालिकाका जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, शिक्षक, पत्रकार, गैर सरकारी संघसंस्थाका प्रतिनिधिहरू, उपभोक्ता समितिका पदाधिकारीहरू, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, सुरक्षाकर्मी, पेशाकर्मी, बुद्धिजीवि, समाजसेवी, सरोकारवाला लगायत आमजनसमुदायलाई उपस्थितिका लागि सादर अनुरोध छ ।

तपसिल:

मिति: २०८२/०४/१६ गते

स्थान: अजयमेरु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, भद्रपुर, डडेल्धुरा।

समय: बिहान ठिक ११:०० बजे।

नि.प्रमुख प्रशासकिय अधिकृत

"समावेशी र सन्तुलीत विकास समृद्ध अजयमेरुको मूल आधार"

अनुसुची २

सार्वजनिक सुनवाई कार्यक्रमका लागि जारी गरिएको आचारसंहिता

# सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन आचार संहिता

१. शिष्ट एवं विनय भाषा प्रयोग हुनुपर्ने ।

२. कसैलाई पनि व्यक्तिगत आक्षेप लगाउन पाईने छैन ।

३. सबालहरु उठान गर्दा हात उठाएर परिचय सहित पालैपालो बोल्नु पर्ने छ ।

४. एकपटकमा एकजनाले मात्रै प्रश्न राख्नुपर्ने छ । प्रश्न राख्ने बेलामा अन्य सहभागी वा अतिथिले बोल्न पाइने छैन ।

५. एकपटकमा एउटा मात्रै पश्न राख्न पाइने छ ।

६. मध्यस्थता गर्नेले निष्पक्ष रुपमा मध्यस्थता गर्नु पर्नेछ ।

७. प्राप्त सुझाव, प्रतिक्रिया र टिप्पणीलाई सकारात्मक रुपमा लिनुपर्ने छ ।

८. सेवा प्रवाह निकायको कार्यक्षेत्रभन्दा बाहिरको वियषवस्तुमा सवाल उठान गर्न पाइने छैन ।

९. अपाङ्ग, बालबालिका, जेष्ठ नागरिक, महिला, आदिवासी, जनजाती, दलित, पिछडिएका लगायत प्राथमिकता र विशेष प्राथमिकताका वर्गमा समावेश समुह वा समुदायका प्रतिनिधिहरुलाई बढी भन्दा बढी सबाल राख्ने अवसर प्रदान गर्नुपर्ने छ ।

१०. कार्यक्रम सञ्चालन भईरहेको समयमा विषयवस्तुमा केन्द्रित भई शान्तसंग बस्नुपर्ने छ ।

११. कार्यक्रम बिथोल्ने प्रयास कुनै पनि सहभागीबाट हुने छैन यदि यसकिसिमको प्रयास कसैबाट भएको खण्डमा सबै सहभागीहरुले शान्तिपुर्वक समस्या समाधानका लागि पहल गर्नेछन ।

**अनुसुची ३**

**नागरिक प्रतिवेदनको नमुना**

**नागरिक प्रतिवेदन** ( Citizen Report Card )

( सन्तुष्टि वा असन्तुष्टि जनाउने )

उत्तरदाताको नाम र थर :– .........................................

जातजाति :........................... लिङ्ग : ( ) महिला ( ) पुरुष ( ) उमेर............

शिक्षा..................................... पेशा..................................

ठेगाना:.....................................गाविस/नपा, वडा नं. ......... सम्पर्क फोन नं...................

**१. सेवाको सन्तुष्टि**

१.१ तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( )

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( )

**२. सेवाको नियमितता**

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( )

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता ) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त ( ) ठीकै ( ) अविश्वस्त ( )

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन ( ) एकदमै कम ( ) धेरैतिरेको ( )

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेकोछ ?

१ दिन ( ) २ दिन ( ) धेरैदिन ( )

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त ( ) ठीकै ( ) अविश्वस्त ( )

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ? धेरै ( ) ठीकै ( ) गरेको छैन ( )

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

धेरै( ) ठीकै ( ) विश्वास छैन ( )

३.४ यस कार्यालयले विपन्न वर्गकोलागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ ( ) छैन ( ) अलिअलि थाहा छ ( )

## ४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ) कम सन्तुष्ट ( ) असन्तुष्ट ( )

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

आफै ( ) गाउँका ठूलाबडाको ( ) मध्यस्थकर्ता ( )

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?

१ पटक ( ) २ पटक ( ) सो भन्दा वढी ( )

## ५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो ( ) ठीकै ( ) नराम्रो ( )

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

छ ( ) आंशिक जानकारी छ ( ) कुनै जानकारी छैन ( )

५.३ कार्यालय र सेवाग्रही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो ( ) ठीकै ( ) खासै राम्रोछैन ( )

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

२० प्रतिशत जति ( ) ५० प्रतिशत भन्दा माथि ( ) थाहा छैन ( )

## ६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन ?

धेरै ( ) कम ( ) गरेको छैन ( )

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

धेरै ( ) ठीकै ( ) अति कम ( )

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

धेरै भएको छ ( ) ठीकै भएको छ ( ) भएकै छैन ( )

## अनुसुची ४

## बहिर्गमन अभिमत (Exit Poll) संकलन फाराम

१) सेवाग्राहीको लिङ्ग :– पु/स्त्री २) जात : ३) उमेर : ४) शिक्षा :

५) कार्यालय सम्म आइपुग्दाको समय :

६) यस कार्यालयको काममा मात्र आउनु भएको हो वा अन्य कामको लागि पनि

७) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ? रेजा ( ) चिन्ह दिनुहोस

क) सिफारिस लिन/पुऱ्याउन

ख) दर्ता/नवीकरण

ग) आर्थिक सहयोग लिन

घ) योजना माग गर्न

ङ) योजनाको किस्ता लिन

च) योजनाको मूल्याङ्कन गराउन

छ) योजनाको अन्तिम भुक्तानी लिन

ज) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न

झ) सूचनामूलक सामग्री प्राप्त गर्न

ञ) अन्य कुनै भए उल्लेख गर्ने :

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन -उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने | | |
|---|---|---|---|---|
| १ | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट | ठीकै | अस्पष्ट |
| २) | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | ठीकै | थोरै |
| ३) | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूण | ठीकै | अभद्र/अमर्यादित |
| ४) | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए | ठिकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| ५) | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए | ठिकै | समाधान दिन सकेनन् |
| ६) | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के– कस्तो लाग्यो ? | अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |

कार्यालयको कुन–कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन–कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| १ | १ |
| २ | २ |
| ३ | ३ |
| ४ | ४ |
| ५ | ५ |
| ६ | ६ |
| ७ | ७ |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

# अनुसुची ५

## सार्वजनिक सुनवाई कार्यक्रममा सहभागीहरुको विवरण

आज मिति २०८२/०४/१६ गतेका दिन अजयमेरु गाउँपालिका द्वारा आ.व. २०८१/८२ मा संचालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाइ कार्यक्रम अजयमेरु गाउँपालिकाका अध्यक्ष श्री उमेश प्रशाद भट्ट (विकास) ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा सम्पन्न गरियो ।

तपसिल:


| क्रस | सहभागीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री उमेश प्रशाद भट्ट (विकास) | अध्यक्ष | |
| २ | श्री बसन्ती पाल | उपाध्यक्ष | |
| ३ | श्री जितेन्द्र प्रसाद ओझा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री दत्ति सिंह भण्डारी | वडा अध्यक्ष (वडा न. १) | |
| ५ | श्री शिवराज भट्ट | वडा अध्यक्ष (वडा न. २) | |
| ६ | श्री रमेश प्रशाद बाहुन | वडा अध्यक्ष (वडा न. ३) | |
| ७ | श्री टिका बहादुर विष्ट | वडा अध्यक्ष (वडा न. ४) | |
| ८ | श्री राज बहादुर पाल | वडा अध्यक्ष (वडा न. ५) | |
| ९ | श्री हरी सिह भण्डारी | वडा अध्यक्ष (वडा न. ६) | |
| १० | श्री गीता कुमारी टमटा कामी ओड | कार्यपालिका सदस्य | |
| ११ | श्री शान्ति देवी ऐडी | कार्यपालिका सदस्य | |
| १२ | श्री जमनी मल्ल | कार्यपालिका सदस्य | |
| १३ | श्री बसन्ती देवी दमाइ | कार्यपालिका सदस्य | |
| १४ | श्री भरत सार्की | कार्यपालिका सदस्य | |
| १५ | श्री पर्याग कोलि | कार्यपालिका सदस्य | |
| १६ | श्री रमेस बहादुर भाट | वडा सदस्य | |
| १७ | श्री चन्द्रकान्त चटौत | पशु विकास शाखा प्रमुख | |
| १८ | श्री तारा सिंह | कृषि विकास शाखा प्रमुख | |
| १९ | श्री गणेश बहादुर पाल | स्वास्थ्य शाखा प्रमुख | |
| २० | श्री लाल बहादुर सेटी | शिक्षा शाखा प्रमुख | |
| २१ | श्री नन्दलाल चुनारा | जनस्वास्थ्य निरीक्षक | |
| २२ | श्री भक्तराज भट्ट | सु प्र अ | |
| २३ | श्री टेक वहादुर विष्ट | इन्जिनियर | |
| २४ | श्री टेकराज पाण्डेय | नेपाली काग्रेस प्रतिनिधि | |

| | | | |
|---|---|---|---|
| २५ | श्री | नेकपा एमाले प्रतिनिधि | |
| २६ | | एनेकपा माओवादी केन्द्र प्रतिनिधि | |
| २७ | | रास्वपा प्रतिनिधि | |
| २८ | | | |
| २९ | | | |
| ३० | नरपति सिंह महता | वडा ७ पूर्व वडाध्यक्ष | |
| ३१ | खगराज जोशी | | |
| ३२ | श्री लोकेस बोहरा | ~~सहायक पाठ~~ अधिकृत | |
| ३३ | श्री बिरेन्द्र पाल | वडा नं ५ सचिव | |
| ३४ | श्री हेमराज भट्ट | लेखापाल | |
| ३५ | श्री तेज सिंह भाट | आ ले प | |
| ३६ | श्री हिक्मत बहादुर कठायत | वडा नं १ सचिब | |
| ३७ | श्री दान बहादुर ऐर | कम्प्युटर अपरेटर | |
| ३८ | श्री बिरेन्द्र कुमार ऐर | वडा न. २ सचिव | |
| ३९ | श्री मनोज कुमार चौधरी | वडा न. ६ सचिब | |
| ४० | श्री महेश्वरी पाण्डेय | वडा न. ४ सचिब | |
| ४१ | श्री टेक राज पनेरु | वडा न. ३ सचिब | |
| ४२ | श्री रतन बहादुर ऐर | अ. स. इ. | |
| ४३ | श्री तुला राम बोहरा | अ. स. इ. | |
| ४४ | श्री बिष्णु राज भट्ट | एम. आइ.एस. अपरेटर | |
| ४५ | श्री हरि प्रसाद पन्त | शिक्षा शाखा ~~प्रमुख~~ | |
| ४६ | किरण राज भट्ट | एम. आई. एस फिल्ड सहायक | |
| ४७ | रमेश प्रसाद भट्ट | बालविकास संयोजक | |
| ४८ | दान ब० ऐर | पावन सहजकर्ता | |
| ४९- | दिनेश [illegible] | [illegible] | |
| ५० | राम ब० भाट | [illegible] | |
| ५१ | मदन राज जोशी | स्वास्थ्य प्रशिक्षक | |
| ५२ | रमेश ताम्राकार | [illegible] | |
| ५३ | [illegible] | | |

| | | | |
|---|---|---|---|
| ५४ | विनोद पाल | | [signature] |
| ५५ | शालिग्राम विष्ट | सब-इन्जिनियर | [signature] |
| ५६ | नरेन्द्र ब० धामी | सा·र·अध्यक्ष | [signature] |
| ५७ | पुर्ण ब० कुँवर | IDeS | [signature] |
| ५८ | सुरेस ब० विष्ट | EDF | [signature] |
| ५९ | माया ब० सुनी | | [signature] |
| ६० | भुवन प्रसाद पन्त | प्राविधिक सहायक | [signature] |
| ६१ | लाल ब० चुनारा | | [signature] |
| ६२ | बहादुर सिंह पाल | अ०·व०·नं० | [signature] |
| ६३ | गणेश बहादुर रेग्मी | ज·स्वा·नि· | [signature] |
| ६४ | सिद्धराज ओड | उद्यमी | [signature] |
| ६५ | मोहन विष्ट | | [signature] |
| ६६ | प्रेम रेर | | [signature] |
| ६७ | भुवन राज जोशी | म·के·प्र· | [signature] |
| ६८ | अन्जना कुँवर | A.A.H.W | [signature] |
| ६९ | माया कोर | का·स | Maya |
| ७० | नरेश्वरी पाण्डेय | वडा सचिव वडा नं. | [signature] |
| ७१ | मन्जु केसी | उद्योग विकास शाखा | [signature] |
| ७२ | रत्ना बोहरा खड्का | | रत्ना |
| ७३ | गोमती पनेरु | स्वा·स | [signature] |
| ७४ | भवानीसिंह महर | बालकल्याण मा·वि· | [signature] |
| ७५ | डिल्ली राज पन्त | | [signature] |
| ७६ | नरेश साउद | | [signature] |
| ७७ | रेवन्त राज पाण्डेय | | [signature] |
| ७८ | रामचन्द्र भट्ट | अजयमेरु-३ | [signature] |
| ७९ | माया जोशी | अजयमेरु ८ चौपुर | माया |
| ८० | नन्दा भट्ट | अजयमेरु ८ चौपुर | मया |
| ८१ | माया देवी टमटा | अजयमेरु इन्जिनियरिङ | maya |
| ८२ | लक्ष्मी डाला मगर | O·A·ज·ओ·उ·वि· | [signature] |
| ८३ | सरोज रेर | | [signature] |

| | | | |
|---|---|---|---|
| ८४ | प्रकाश व. रेग | | [signature] |
| ८५ | सावित्री पनेरु | अध्यक्ष आमा स | [signature] |
| ८६ | जानकी कु. ऐर (भाट) | परिचालक | [signature] |
| ८७ | भुवनेश्वरी जोशी | स.म.बि.नि. | [signature] |
| ८८ | कुसुमा कु मल्ल | कृषि प्राविधिक | [signature] |
| ८९ | राजु भट्ट | अधिकृत [illegible] | [signature] |
| ९० | ~~[illegible]~~ । आशा । कुमारी | [illegible] आयोजक लिटिल [illegible] | [signature] |
| ९१ | दुर्गा दत्त पनेरु | | [signature] |
| ९२ | कौशिला दमाई | | [signature] |
| ९३ | केशवदेव पनेरु | | [signature] |
| ९४ | बिरेन्द्र कुमार ऐर | वडा नं २ वडा सदस्य | [signature] |
| ९५ | जनक व. थापा | [illegible] | [signature] |
| ९६ | दिपिका पाण्डेय | | [signature] |
| ९७ | निलम भट्ट | | [signature] |
| ९८ | हिमाल ऐर | ~~[illegible]~~ | [signature] |
| ९९ | भुपेश भट्ट | | [signature] |
| १०० | ईनिशा वर्मा | | [signature] |
| १०१ | तिलक साँउद | | [signature] |
| १०२ | रुक्मेश्वरी पनेरु | | [signature] |
| १०३ | डम्बरी भट्ट | | [signature] |
| १०४ | दिवा विष्ट | | [signature] |
| १०५ | सिता बिष्ट | | [signature] |
| १०६ | धनराज पन्त | | [signature] |
| १०७ | ~~[illegible]~~ पाल | | [signature] |
| १०८ | हिरदपाल | वा नं ३ | [signature] |
| १०९ | मदनराज पन्त | वा.नं. ४ | [signature] |
| ११० | कृष्ण प्रसाद शर्मा | शिक्षक | [signature] |
| १११ | मोहन प्रसाद अवस्थी | शिक्षक | [signature] |
| ११२ | जगदीश सिंह ऐर | वार्ड सदस्य | [signature] |
| ११३ | चन्द्र सिंह [illegible] | | |

| | | | |
|---|---|---|---|
| | नर बहादुर ऐर | | |
| ११४ | राम दत्त जोशी | वार्ड मनपुर | |
| ११५ | अर्जुन दत्त पन्त | वार्ड ६ केदार सामुदायिक अस्पताल | |
| ११६ | | वार्ड ५ - | |
| ११७ | चैतराज पन्त | वा. न. ६ डाँगोरखली (सामुदायिक) | |
| ११८ | नन्द राज पन्त | वा. न. ६ डाँगोरखली साथ | |
| ११९ | उमाकान्त भट्ट | वा. न. २ बोडरा | |
| १२० | प्रदिप ओझा | शिक्षक | |
| १२१ | जगदीश भण्डारी | " | |
| १२२ | धन बहादुर पार्की | प्रधानाध्यापक | |
| १२३ | नवराज पन्त | शिक्षक | |
| १२४ | तीर्थराज पनेरु | प्र.अ. श्री दुर्गास्थान आ.वि. | |
| १२५ | लोक राज पन्त | शिक्षा अधिकृत/CDC | |
| १२६ | रमेश पाण्डेय | अजयमेरु ३ उद्योग | |
| १२७ | [illegible] वो. ऐर | अजयमेरु ५ | |
| १२८ | किरेन्द्र लावड | अजयमेरु २ | |
| १२९ | दत्त कोली | ३.सं.न. श्री चौबिसेवल | |
| १३० | [illegible] | [illegible] | |
| १३१ | जैत्री स्यल्को | वडा स्टेशन | |
| १३२ | पुरस्कार पटियात | वडा २ ठेटी | |
| १३३ | चन्द्र ब. बोहरा | प्रमुख अड्डा | |
| १३४ | राजेन्द्र भण्डारी | अजयमेरु २ | |
| १३५ | नन्दलाल जोशी | कुल्याल २ | नर बाइट |
| | नर बहादुर भट्ट | | |
| १३६ | रमेश प्र. | महिला भूमि २ | |
| | | " " | |
| १३६ | धर्म राज मालेस | (जि.क. सञ्चार) | |
| १३७ | रमेश बहादुर साउद | पार्टी प्रतिनिधि | |
| १३८ | करुणा कार्की | का.स. | |
| | भान बहादुर भट्ट | पत्र | |
| १४० | विरेन्द्र राज अजमेर | | |
| १४१ | राम धामी | पत्रकार (कार्यक्रम संचालक) | |



| | | | |
|---|---|---|---|
| १४४ | पुस्कर दत पनेरु | अजयमेरु गाउपा० कार्यालय | [signature] |
| १४४ | हेम राज भट्ट | अजयमेरु गाउपालिका | [signature] |
| १४४ | सन्तोष साउद | ,, अमिन | [signature] |
| १४५ | सन्दीप महरा | ,, सर्भेक्षक | [signature] |
| १४६ | पदम सार्की | | पदम |
| १४७ | धर्मे सार्की | | धर्मे |
| १४८ | गणेश ब. चन्द | सवारी चालक | [signature] |
| १४९ | प्रदिप ब. विष्ट | ना.प.ले.पा | [signature] |
| १५० | मनोज राना | सवारी चालक | [signature] |
| १६ | निर्मल सार्की | | [signature] |

## अनुसुची ६
## कार्यक्रमसँग सम्बन्धित फोटाहरु




सार्वजनिक सुनुवाई कार्यक्रम







**धन्यवाद ॥**